सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५१ | गान्तोक, (मंगलबार) सितम्बर २५, २०१८ | अङ्क ३९


# हिन्दुस्तानका कतिपय मन्दिरका भगवानको चरणमा पनि अबउसो यहाँका कृषकद्वारा उत्पादित फूल पुग्नेवाला छन्: प्रधानमन्त्री








**गान्तोक।**
प्रधानमन्त्री श्री नरेन्द्र मोदीले २४ सितम्बरका दिन पाकिममा उत्तरपूर्वी राज्यकै पहिलो ग्रिनफिल्ड हवाई अड्डाको उदघाटन गर्नुभयो। आधारशीला राखेको ९ वर्षपछि निर्माण कार्य पूरा भएको देश भरिकै निम्ति यो सयौं सञ्चालित हवाई अड्डा हो। पूर्व जिल्लाको पाकिमस्थित हवाई अड्डाको उदघाटन हुनासथै सिक्किमको इतिहासमा विकासको नयाँ आयाम थपिएको छ। सिक्किम राज्य पनि अब उसो देशका अन्य भागहरुसित हवाई सम्पर्कमा जोडीने छ।
उदघाटन समारोहमा सिक्किमका राज्यपाल गंगा प्रसाद, मुख्यमन्त्री पवन चामलिङ, केन्दिय नागरिक उड्डयन मन्त्री सुरेश प्रभु, उत्तरपूर्वी क्षेत्रका निम्ति केन्द्रिय डोनर मन्त्री स्वतन्त्र प्रभार जितेन्द्र सिंह, केन्द्रिय राज्य मन्त्री एसएस अहलुवाल्या, सिक्किम विधानसभा अध्यक्ष केएन राई, उपाध्यक्ष, राज्य मन्त्रीमण्डलका सदस्य, विधायकगण लगायत अन्यको उपस्थिति थियो।
हवाई अड्डाको उदघाटन पछि पाकिमस्थित सन्त जेभियर विद्यालयको खेल मैदानमा उपस्थित जनभेलालाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले पाकिम हवाई अड्डा सिक्किमवासीलाई समर्पित गर्नुभयो। उहाँले भन्नुभएको छ यो दिन सिक्किमका निम्ति ऐतिहासिक हुनका साथै भारतका निम्ति महत्वपूर्ण हो। प्रधानमन्त्री मोदीले भारतीय हवाई अड्डा निकाय (एएआइ)-द्वारा लगभग रू. ६०५ करोडको लागतमा निर्मित मानवसित जोडिएको पूर्वाधार देशलाई समर्पित गर्ने सौभाग्य प्राप्त भयो भनी बताउनुभयो।
आफ्नो सम्बोधनको शुरूमा नेपाली भाषामा बोल्नुहुँदै प्राकृतिक सुन्दरताले भरिएको सिक्किमका मानिसहरू पनि त्यतिकै सुन्दर अनि इमान्दार छन् भन्नुभयो। उहाँले अघि भन्नुभयो, यहाँका मनोरम स्थानहरूको अवलोकन गर्न देश लगायत विदेशका मानिसहरू मरिमेट्दछन्। फुटबलको क्षेत्रमा प्रख्यात सिक्किमका युवाहरूमा क्रिकेट खेलको क्षेत्रमा पनि त्यतिकै अभिरूचि बढ्नथालेको कुरा स्पष्ट पार्नुहुँदै भन्नुभयो, यस राज्यका क्रिकेट खेलाडी निलेश लामिछाने विजय हजारे ट्रफिमा सतल लगाउने सिक्किमका पहिलो खेलाडी बनेझैं पाकिममा उदघाटित हवाई अड्डाले पनि देशको हवाई सेवामा सतल लगाएको छ।
पाकिम हवाई अड्डाले राज्यको सम्पर्क सुविधालाई अझ धेरै सुगम बनाउने कुरा पनि प्रधानमन्त्रीले बताउनुभयो। यस हवाई अड्डालाई जनसाधारणको निम्ति उपयोगी बनाउन उडान योजनाअन्तर्गत सामेल गरिएको उल्लेख गर्नुहुँदै पूर्वोत्तर राज्यहरूमा पूर्वाधारका साथै भावनात्मक सम्पर्क सम्बन्ध द्रूत गतिमा प्रवाहित गर्ने दिशामा सरकारले विशेष बल दिइरहेको छ भनी उहाँले बताउनुभयो। सिक्किमले जैविक खेतीको क्षेत्रमा धेरै प्रगति गरेको बताउनुहुँदै केन्द्र सरकारले पूर्वोत्तर क्षेत्रको निम्ति जैविक मूल्य शृङ्खला विकास अभियान शुरु गरेको पनि जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, अहिले यात्रीहरूका लागि यो हवाई सेवा शुरू भएको छ। तर अब त्यो दिन पनि टाडो छैन जब यहाँको ताजा अनि हरिया साग-सब्जी तथा फल-फूल घण्टा भरीमा देशको राजधानी दिल्लीका बजारहरूमा पुग्नेछन्। हिन्दुस्तानका कतिपय मन्दिरका भगवानको चरणमा यहाँका कृषकहरूले उत्पादन गरेका फूल पुग्नेवाला छन्।
प्रधानमन्त्रीले यस हवाई अड्डाले सिक्किमका मानिसहरूको जीवनलाई अझ सहज बनाउन ठूलो भूमिका निर्वाह गर्नेछ भन्नुभयो। यस अघि देशका अन्य ठाउँहरूमा आवागमन गर्न सिक्किमका मानिसहरूलाई धेरै समस्या हुने गरेको बताउँनुहुँदै अबउसो हवाई सेवाको कारण मानिसहरूको यात्रा सहज अनि कम बन्नेछ भनी बताउनुभयो।
प्रधानमन्त्री मोदीले पाकिम हवाई अड्डाको निर्माण कार्यलाई लिएर अभियताहरू र योजनाकारहरूको प्रशंसा गर्नुभयो। उहाँले अभियन्ताहरू, कर्मचारीहरू र श्रमिकहरूले साँच्चै नै प्रसंसनीय कार्य गरेको बताउनुहुँदै यसको निम्ति उनीहरू सबै नै बधाईका पात्र छन् भन्नुभयो।
यस अघि सिक्किमवासीको तर्फबाट प्रधानमन्त्रीलाई स्वागत जनाउनुहुँदै राज्यका मुख्यमन्त्री पवन चामलिङले यस क्षण आफूलाई गर्व अनुभव भएको कुरा बताउनुभयो। उदघाटन भएर राष्ट्रलाई समर्पित यस हवाई मार्गमा सामेल हुने राज्यलाई गौरव प्राप्त भएको छ भन्नुहुँदै सिक्किमको मानचित्रमा यो ऐतिहासिक दिन रहेको कुरा बताउनुभयो। उहाँले प्रधानमन्त्री मोदी देशका प्रधानमन्त्रीमात्र नभएर विश्वका महानायक हुनुभएको छ भन्नुभयो।
सिक्किम संवेदनशिल सीमावर्ति अनि पर्वतीय राज्य भएर पनि आतङ्कमुक्त, शान्त र विकशील छ भन्नुहुँदै उहाँले हाम्रो विचार सामप्रदायिक सद्भावना अनि देश भक्तिले भरिएको छ भनी बताउनुभयो। प्रधानमन्त्रीको सबल नेतृत्वका कारण भारत स्वर्ण युगमा परिवर्तन भइरहेको छ, उहाँले भन्नुभयो।

रहल पृष्ठ ३-मा...

## केन्द्रिय राज्य मन्त्री मन्डवियाको राज्यपालसित भेट

**गान्तोक।**
केन्द्रिय सड़क परिवहन एवम् राजमार्ग तथा रसायन एवम् उर्वरक राज्य मन्त्री मनसुख मन्डवियाले १९ सितम्बरको साँझ राजभवनमा राज्यपाल गंगा प्रसादसित शिष्टाचार भेट गर्नुभयो। केन्द्रिय मन्त्री सिक्किममा लागू गरिएका केन्द्रिय योजनाहरूका निगरानीको निम्ति दुई दिवसीय भ्रमणमा रहनुभएको थियो।
राज्यपालसित भएको संक्षिप्त भेटवार्तामा राज्यपाल प्रसादले एनएचआईडीसीएल समेत केन्द्रिय एजेन्सीहरूका देखरेखमा रहेको राजमार्गहरूको स्थितिप्रति चिन्ता व्यक्त गर्नुभयो। उहाँले सितम्बर महिनाको पहिलो अनि दोस्रो साता मनसूनका कारण विशेष रूपमा उत्तर जिल्लामा सड़क अनि पुलहरूलाई पुगेको क्षतिबारे जानकारी गराउनुभयो। राज्य मन्त्रीले राज्यमा राजमार्गहरूको बहाली र उन्नयनलाई मन्त्रालयले प्राथमिकता दिएर कार्य गर्ने आश्वासन दिनुभयय। अर्कातिर, राज्यमा जेनेरिक औषधीको उपलब्धताबारे बताउनुहुँदै उहाँले सरकार र स्वास्थ्य विभागको परामर्शमा योजनालाई अन्तिम रूप दिइने कार्य भइरहेको र राज्यका चारै जिल्लामा जेनेरिक औषधी भण्डार खोलिनेछ भनी बताउनुभयो। यसपछि औषधीको लागत कम भएर जाने र यसको फाइदा स्थानीय मानियहरूले पाउने उहाँले बताउनुभयो।

## सिक्किम विधानसभाको दुई दिवसीय अधिवेशन सत्र सम्पनन



**गान्तोक।**
गत २० सेप्टम्बरको दिन सिक्किम विधानसभाको दुई दिवसीय अधिवेश सत्रको समापन भयो। सदनको पहिलो दिन अर्थात १९ सेप्टम्बरको दिन सदनमा वित्त, राजस्व अनि व्यय विभागका प्रभारी तथा मुख्यमन्त्री पवन चामलिङद्वारा वित्त वर्ष २०१८-१९ को लागि दोस्रो अतिरिक्त अनुदान माग पेश गर्नुभयो। वित्त वर्ष २०१८-१९ को लागि दोस्रो अतिरिक्त अनुदान माग अन्तर्गत २० वटा अनुदानहरु, विनियोजनाहरु लगायत सकल अतिरिक्त व्यय रु २७९९२.१५ लाख साथै राजस्व लेखामा रू २०१२१.८९ अनि मूलधन रू ७८७१.०६ लाख सामेल छन्। यसबाहेक, नगद व्यय रू २६९३४.४० लाख राशि रहेको छ। यसरी नै संसदीय कारोबार अन्तर्गत सदनमा कूल पाँचवटा विधेयकहरु पेस गरियो। राज्य सरकारको

रहल पृष्ठ ३-मा...

# दुई दिवसीय क्षमता विकास कार्यक्रम आयोजित

**गान्तोक।**
पूर्व अनि उत्तर सिक्किमका सबै खण्डमा ग्रामीण प्रबन्धन विकास विभागअन्तर्गत सिक्किम ग्रामीण जीवीकोपार्जन अभियान (एसआरएलएम)-ले राष्ट्रिय ग्रामीण जीवीकोपार्जन अभियान कार्यान्वित गरिरहेछ। स्वयम सहायता समूह (एसएचजी)-लाई ब्याङ्क क्रेडिट सहयोग उपलब्ध गरेर जीवीकोपार्जन स्थिरता अनि आयश्रोतमा वृद्धि गर्नमा सक्षम बनाउनु अभियानको एउटा प्राथमिक उद्देश्य हो।
प्रक्रियामा शीघ्रता ल्याउनका लागि एसआरएलएम-ले प्रत्येक खण्डमा ब्याङ्क सखिको रूपमा दुईजना सामुदायिक स्रोतवक्ता चिन्हित गरेको छ। एसएचजी-सित ब्याङ्क क्रेडिट कार्ड प्रभावकारी ढङ्गमा लिङ्क गर्न सक्षम बनाउने उद्देश्यले उनीहरूको क्षमता विकास गर्न दुई दिवसीय प्रशिक्षण कार्यक्रम आयोजन गरियो। प्रशिक्षणको उद्देश्य वित्तीय समावेशलाई समेट्नु अनि विभिन्न सरकारी भत्ता योजनाको लाभ उपलब्ध गर्नु पनि हो।
जनता भवनमा १९ सितम्बरका दिन आयोजित यस कार्यक्रममा ग्रामीण प्रबन्धन विकास विभागका आयुक्त डा पी सेन्थिल कुमार, भारतीय रिजर्व ब्याङ्कका महाप्रबन्धक रविन्द्र सङ्गभाइ, एसबीआइ-का प्रबन्धक लगायत अन्यको उपस्थिति थियो।
सिक्किममा एसएचजी-लाई ब्याङ्क क्रेडिट अनि अन्य सहयोग उपलब्ध गराउनका लागि मदत गर्ने आरबीआइ-का महाप्रबन्धकले आस्वासन दिनुभयो। नाबार्ड-का एजीएम-ले एसएचजी-लाई उपलब्ध विभिन्न योजनाकोबारेमा अवगत गराउनुभयो।

# राज्यपालद्वारा जैविक कृषि फार्मको भ्रमण



**गान्तोक।**
सिक्किमका राज्यपाल गंगा प्रसादले सिक्किम राज्यमा भइरहेको जैविक खेतीलाई सराहना गर्नुहुँदै जैविक खेतीका कारण विश्व मानचित्रमा सिक्किम छाएको कुरा बताउनुभयो।
उहाँले सिक्किम राज्यमा भएको जैविक अभ्यासका कारण नै पर्यटकहरू सिक्किमप्रति आकर्षक भएको पनि बताउनुभयो। राज्यपाल प्रसादले सम्बन्धित विभाग र कृषिका हितधारकहरूलाई जैविक खेतीको लाभबारे अझ धेरै जागरूक गराउने निर्देश दिनुहुँदै यसका लागि सरकारको तर्फबाट हरसम्भाव सहयोग गरिने बताउनुभयो।
राज्यपालले राजभवनका वरिष्ठ अधिकारीवर्गसहित आसाम लिङ्जेस्थित जैविक कृषि फार्मको भ्रमणको भ्रमणको क्रममा यो कुरा भन्नुभएको हो। यसरी नै राज्यपालले आसाम लिङ्जेस्थित सिक्किम राज्य सहकारी संघ र आइसीएआर परिसरको पनि भ्रमण गर्नुभयो।
राज्यपाल आसाम लिङ्जेका प्रयोग प्रगतिशील कृषक डीएन सापकोटाको जैविक फार्म पनि पुग्नुभयो।
यहाँ सापकोटाले डल्ले खोर्सानीबाहेक अन्य खेतीको जैविक विधिलाई आकर्षक रूपमा प्रस्तुत गर्नुभयो। यसरी नै यहाँ राज्यपाललाई जैविक खाद विषयमा पनि प्रदर्शनी गराइयो।

## कौशल वृद्धिमाथि प्रशिक्षण आयोजित

**गान्तोक।**
''उत्तरपूर्वी पहाडी क्षेत्रमा कम खर्चको ग्रिनहाउस प्रौद्योगिकी''-माथि १७ सितम्बरदेखि तीन महिनाव्यापी कौशल विकास कार्यक्रम शुरू भयो। यो प्रशिक्षण कार्यक्रम भारतको उत्तरपूर्वी क्षेत्रका ग्रामीण बेरोजगार युवा अनि विद्यालय छोडेकाहरूको कौशल वृद्धि गर्ने उद्देश्यले रानीपुलस्थित कृषि अभियान्त्रीकी अनि कटाइ उपरान्त प्रौद्योगिकी महाविद्यालयमा आयोजन गरिएको छ।
महाविद्यालयको सम्मेलन कक्षमा भएको उद्घाटन समारोहमा उत्तरपूर्वी क्षेत्रका ३० प्रशिक्षणार्थीहरूले सहभागिता जनाएका छन्।
नयाँ दिल्लीको ऊर्जा वित्तीय निगम लिमिटेडद्वारा निगमीत सामाजिक जिम्मेवारीअन्तर्गत प्रायोजित कार्यक्रमको समापन १५ दिसम्बरमा हुनेछ।
मनिपुर राज्यको इम्फालस्थित केन्द्रिय कृषि विश्वविद्यालयको विस्तार शिक्षाका निर्देशक डा. डी झाझरीया, प्रास्टिक उद्योग अभियान्त्रीकी तक्निकमाथि अखिल भारत समन्वित अनुसन्धान परियोजनाका विषय समन्वयक डा. लिले देवीले कार्यक्रमको समन्वयन गर्नुभएको छ।

## महिना दिनव्यापी प्रशिक्षण शुरू

**गान्तोक।**
बागवानी विभागद्वारा सिक्किम हिमालयमा मासिन लागेका फल-फूल अनि साग-सब्जीको प्रशंस्करण अनि मूल्यवर्धनमाथि महिना दिन व्यापी कौशल विकास प्रशिक्षण आयोजन गरिएको छ। १७ सितम्बरदेखि लखनौको बायोटेक पार्कसितको संयुक्त तत्वावधानमा आयोजित कार्यक्रम १६ अक्टोबरका दिन समापन हुनेछ।
भरत सदनको सम्मेलन कक्षमा भएको उद्घाटन कार्यक्रममा सिक्किम विश्वविद्यालयका उपकुलपति प्राध्यापक ज्योति प्रकाश तामाङ मुख्य अतिथि रहनुभएको थियो। कार्यक्रममा लखनौ बायोटेक पार्कका मुख्य कार्यकारी अधिकारी प्राध्यापक प्रमोद टेन्डोङ अनि प्राध्यापक ऋषी शंकर विशिष्ठ अतिथि रहनुभएको थियो।
पद्मश्री प्रा. टेन्डोङले आफ्नो सम्बोधनमा आम रूपमा पूर्वोत्तर भारत अनि विशेष गरी सिक्किममा भएको व्यापक जैव विविधताको बारेमा बताउनुभयो।
उहाँले युवाहरूमा उद्यमिताका लागि कौशल विकासमा रहेको आवश्यकताबारे बताउनुभयो।

## मन्त्रीद्वारा ग्रामीण मार्केटिङ केन्द्रको उद्घाटन

**पाकिम।**
मन्त्री डीटी लेप्चाले १९ सितम्बरका दिन सामसिङस्थित ग्रामीण मार्केटिङ केन्द्र एवम् सामुदायिक सुग्राहिकरण परिसरको उदघाटन गर्नुभयो। यो स्थान पाकिम रानीपुल सडकबीचमा पर्दछ। यो भवन आठ लाखको लागतमा बनिएको हो।
उद्घाटन समारोहमा ग्रामीण प्रबन्धन विकास विभागका विशेष सचिव अनिल राज राई, पाकिमकी अतिरिक्त जिल्लापाल (विकास) ऊर्वसी पौड्याल, पाकिमका महकुमा अधिकारी टीडी डेञ्जोङ्पा, पाकिमका खण्ड विकास अधिकारी चिरन रिजाल, जिल्ला अनि ग्राम पञ्चायत सदस्य लगायत अन्यको उपस्थिति थियो। आरएमसी-को सञ्चालन सामसिङको न्यू लाइट नामक स्वयं सहायता समूह (एसएचजी)-ले गर्नेछ।

## मगन-गान्तोक मार्गमा सावधानी अप्नाउन आग्रह

**मगन।**
हल्का वाहनहरूका लागि मगन-गान्तोक सडक मार्ग सुचारू भएको छ। यद्यपि, सडक मार्गको मरम्मत चलिरहेको छ अनि यात्रीहरूलाई अम्बिथाङमा सावधानी अप्नाउन आग्रह गरिएको छ।
मगन बजार नजिक राफङ खोलाको क्षतिग्रस्त मार्गलाई अस्थायीरूपमा बहाल गरिएको छ। १९ सितम्बरको बेलुकी ५ बजीसम्ममा सीमा सडक संगठनले बहाल गर्न सक्षम भएको यो मार्ग टुङसम्म ट्राफिकका लागि खुल्ला गरिएको छ। यद्यपि यस मार्गमा हल्का वाहनहरूलाई मात्र गुडने अनुमति छ। चुङथाङका महकुमा अधिकारीबाट प्राप्त जानकारी अनुसार वाङ खोलामा बन्द भएको मगन-चुङथाङ मार्गको मरम्मतका लागि अझ दुई दिन लाग्ने अनुमान छ।
डिक्चु-मगन सडक मार्गबीच ४ माइलमा निरन्तर रूपमा माथिबाट ढुङ्गा झरिरहेको कारण अहिलेसम्म अवरूद्ध छ अनि यहाँबाट यात्रीहरूलाई ट्रान्सिप गर्न पनि धेरै कठिन हुने बताइएको छ। जन कार्य विभागको लगातार प्रयास पछि लोअर जङ्गु, गोर तर्फजाने सडक मार्ग खुला गरिएको छ। अघिल्लो दुईदेखि तीन दिनसम्ममा अप्पर जङ्गुको मानि खोलामा अवरूद्ध सडक मार्गलाई पनि सुचारी गरिने बताइएको छ।

# मन्त्रीद्वारा केन्द्रिय चिकित्सा स्टोरको निरीक्षण



**गान्तोक।**
स्वास्थ्य हेरचाह, मानव सेवा एवम् परिवार कल्याण विभाग मन्त्री अर्जुन कुमार घतानीले १७ सितम्बरका दिन तादोङको कन्वे ग्राउण्डस्थित विभागीय केन्द्रिय चिकित्सा स्टोरको भ्रमण गर्नुहुँदै यहाँ उपलब्ध औषधी अनि यसको गुणस्तरीयताको जायजा लिनुभयो।
भ्रमणअवधि मन्त्रीसित विभागीय आयुक्त एवम् सचिव विशाल चौहान, प्रधान निर्देशक डा. पीटी भोटिया, निर्देशक डा. उत्तम प्रधान, अतिरिक्त निर्देशक डा. डिम्पी तोप्गे, अतिरिक्त मुख्य अभियन्ता एलडी लाम्था लगायत अधिकारीगणको उपस्थिति थियो।
भ्रमणपछि गैर संक्रमित रोग प्रभागमा आयोजित सभाको अध्यक्षता गर्नुहुँदै मन्त्री घतानीले विभिन्न प्राथमिक स्वास्थ्य केन्द्र अनि उपकेन्द्रको भ्रमणअवधि स्वास्थ्य केन्द्रहरूद्वारा आफूसमक्ष राखेका आवश्यक मागहरूमाथि ध्यान दिन अधिकारीहरूलाई निर्देश दिनुभयो। स्वास्थ्य केन्द्र अनि केन्द्रिय चिकित्सा स्टोरमाझको सम्पर्क हुने दुरीलाई हटाउन कुनै पनि युक्ति सीर्जना गर्ने सुझाउ दिनुहुँदै जसको कारण औषधीको अभावलाई समयमा नै पूरा गर्न सकियोस भनी बताउनुभयो। नियमित रूपमा स्वास्थ्य केन्द्रहरूको भ्रमण गर्न मन्त्रीले अधिकारीहरूलाई सल्लाह दिनुभयो।
औषधी, उपभोग्य वस्तुहरू, आहारको गुणस्तरीयता, क्वार्टरको स्थापना र मरम्मत, नियमित विद्युत आपूर्ति, स्वास्थ्य केन्द्रहरूमा उपकरणको जडान जस्ता विषयमा सभाको अवसरमा चर्चा गरियो।

## देशका अन्य राज्यले सिक्किमबाट धेरै कुरा सिक्नुपर्छः केन्द्रिय राज्यमन्त्री

**गान्तोक।**
भारत सरकारको सडक, यातायात, राजमार्ग, जलयात्रा, रशायन अनि ऊर्वरक मन्त्रालयका केन्द्रिय राज्य मन्त्री मनसुख मानदभियाले मुख्यमन्त्री पवन चामलिङसित उहाँको सरकारी निवास मिनतोकगाङमा भेट गर्नुभयो।
उहाँले राज्यमा भइरहेको राजनीतिक स्थिरता, सरसफाई अनि जैविक विकासदेखेर आफू धेरै आकर्षक भएको कुरा मुख्यमन्त्रीलाई बताउनुभयो। केन्द्रिय राज्य मन्त्रीले राज्यमा भइरहेको जैविक खेतीको सही अभ्यासलाई अध्ययन गर्नका साथै गुजरात राज्यका साथै देशका अन्य भागहरूमा पनि फैलाउने आशा व्यक्त गर्नुभयो।
देशका प्रत्येक राज्यमा रशायनिक मलमाथि पूर्णरूपले बन्द अनि पर्यावरणमैत्री नीतिहरू लागू गरिनुपर्ने मुख्यमन्त्री पवन चामलिङले सुझाउ दिनुभयो। उहाँले अघि भन्नुभयो, यस पहलले रशायनिक खेतीबाट जैविक खेतीको अभ्यासतर्फ अग्रसर हुनका लागि सहयोग पुग्नेछ। केन्द्रिय राज्यमन्त्रीले खुशी अनि सन्तुष्टि जाहेर गर्नुहुँदै देशका अन्य राज्यले सिक्किमबाट धेरै कुरा सिक्नुपर्ने बताउनुभयो। सिक्किमले सम्पूर्ण सहयोग अनि आवश्यक समर्थन प्राप्त गर्नेछ भनी उहाँले बताउनुभयो। ''सिक्किम विश्वास गर्न योग्य राज्य भएको कारण हामी विश्वास गर्छौं,'' उहाँले भन्नुभयो।

# पोषण अभियानमाथि कार्यशाला आयोजित




**गान्तोक।**
सामाजिक न्याय, सशक्तिकरण एवम् कल्याण विभागको पोषण शाखाद्वारा नोडल अधिकारी, बाल विकास सुरक्षा अधिकारी, निरीक्षक अनि डीईओ-हरूका लागि पोषण अभियानमाथि एक दिवसीय कार्यशाला आयोजन गरियो।
लुमसेस्थित विभागको सम्मेलन कक्षमा २१ सितम्बरका दिन सम्पन्न कार्यक्रममा मानव संसाधन विकास विभाग, ग्रामीण प्रबन्धन विकास विभाग, स्वास्थ्य विभागबाट सरोकारवालाहरूको सहभागिता रहेको थियो।
उहाँहरूले पोषण अभियानमाथि पूर्ण दिशानिर्देश उपलब्ध गराउनका साथै अभियानको मुख्य भागको विस्तृत जानकारी गराउनुभयो।
पूर्व जिल्ला अध्यक्ष समशेर राईको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा विभागकी विशेष सचिव श्रीमती धनज्योती मुख्या, आइसीडीएस-का अभियान निर्देशक फुचुङ भोटिया लगायत अन्यको उपस्थिति थियो।

# लाइसिन्स र पर्मिट प्रक्रिया सहज बनाउन ई-आबकारी प्रणाली स्थापित

**गान्तोक।**
आबकारी विभाग रबस्ट ई-आबकारी प्रणाली स्थापित गरेर आफ्ना सम्पूर्ण गतिविधिहरूलाई कम्प्यूटरीकृत गर्ने प्रक्रियामा लागि परेको छ। यसको उद्देश्य लाइसिन्स र पर्मिट प्रक्रिया सहज बनाउनका साथै निगरानी प्रणालीलाई प्रभावकारी बनाउने कुराको सुनिश्चित गर्नु हो।
विभागले छिमेकी राज्य पश्चिम बंगालको आबकारी विभागलाई ई-आबकारी मोड्यूलको बारेमा अवगत गराउन आग्रह गरेको थियो जसका लागि कलकतामा रियल टाइम अध्ययन भ्रमण गर्ने सुझाउ दिइएको थियो। यस सुझाउलाई सिरोपर गर्दै विभागका अतिरिक्त आयुक्त एवम् अतिरिक्त सचिवको नेतृत्वमा आइटी-का संयुक्त निर्देशक अनि दुईजना निरीक्षक सहित गान्तोक एनआइसी-का अधिकारीहरूको टोलीले कलकताको दुई दिवसीय अध्ययन भ्रमण गऱ्यो।
टोलीले गरेको पश्चिम बंगालको राज्य आबकारी निर्देशालयको भ्रमण अवधि विभागीय आयुक्त लगायत अन्य अधिकारीहरूको समुस्पथितिमा सभा बस्यो। यस अवसरमा निर्देशालयका वरिष्ठ अधिकारीहरूले भ्रमणकारीहरूको भलाइका लागि एक दिवसीय विवरणात्मक तक्नीकी सत्रमा विभिन्न कुराको जानकारी गराउनुभयो।

## हिन्दुश्तानका कतिपय मन्दिरका.......

मुख्यमन्त्री पवन चामलिङले देशलाई शक्तिशाली साथै दूरदर्शी नेतृत्व प्रदान गर्दै विश्व मै देशको मर्यादा र सम्मान बढाएकोमा प्रधानमन्त्रीप्रति आभार व्यक्त गर्नुभयो।
विकास प्रक्रियामा प्रत्येक नागरिकलाई लाभान्वित बनाउनका लागि राज्यसित सम्बन्धित केही थाँतीमा रहेका मुद्दालाई सम्बोधित गर्न पनि प्रधानमन्त्रीसमक्ष उहाँले अनुरोध गर्नुभयो।
सिक्किम देश अनि दुनियाका निम्ति एउटा उदाहरणीय राज्य बनेको छ। मुख्यमन्त्री चामलिङले भन्नुभयो, देशले उहाँ जस्ता व्यक्तिलाई प्रधानमन्त्रीको रूपमा पाएको छ जुन देशवासीको निम्ति अहोभाग्य हो। प्रधानमन्त्रीको सबल नेतृत्वका कारण देशको सम्मान बढेको र विश्वले आज भारतलाई सम्मानको दृष्टिले हेर्ने गरेको छ, मुख्यमन्त्री चामलिङले भन्नुभयो।
कार्यक्रममा स्वागत सम्बोधन राख्नुहुँदै केन्द्रिय नागरिक उड्डयन तथा वाणिज्य मन्त्री सुरेश प्रभुले नयाँ हवाई अड्डा सिक्किमको निम्ति प्रधानमन्त्रीको सौगात रहेको र यसले पर्यटन अनि जैविक खेतीसहित, विशेष गरी फूलखेतीलाई टेवा पुऱ्याउछ भनी बताउनुभयो। यस हवाई अड्डाले रोजगार अवसरहरूको सिर्जना गर्नका साथै कृषकहरूको आमदानी बढाउँदै अरू व्यापक विकासलाई दिशा प्रदान गर्नेछ भनी उहाँले बताउनुभयो।

# जिल्ला स्तरीय युवा संसद आयोजित

**नाम्ची।**
भारतको संयुक्त राष्ट्र स्वयंसेवीद्वारा दक्षिण जिल्ला नेहरू युवा केन्द्रसितको संयुक्त तत्वावधानमा जिल्ला स्तरीय युवा संसद आयोजन गरियो।
जिल्ला युवा समन्वयक श्रीमती संगिता दाहालले समन्वयन गरेको कार्यक्रमको उद्देश्य समूह चर्चाको तक्नीक, युवासित सम्बन्धित मुद्दामाथि जागरूकता साथै संसदीय प्रक्रियाबारे युवाहरूलाई जानकार बनाउनु रहेको थियो।
प्रतियोगितामा महाविद्यालय र विद्यालयका विद्यार्थी अनि यस जिल्ला भरिका लगभग ६० जना युवाहरूले भाग लिएका थिए।
नशालु पदार्थको दुरूपयोग, बेटी बचाउँ बेटी पढाउँ अभियान लगायत विभिन्न मुद्दामा हुने संसदीय बहसमाथि पनि जानकारी गराइयो।
यस अवसरमा राष्ट्रिय स्तरका निम्ति प्रतिभागीबीचबाट तीनजना चयन गरियो।
यी चयनित प्रतिभागीहरूबाट अरून जेटलीको भूमिका निभाउने रामकुमार सुब्बा, मेनका गान्धीको भूमिका निभाउने श्रेया सापकोटा अनि संसदका अध्यक्षको रूपमा सञ्जय राई रहेका छन्।

## टीएनएसएसएस-को इन्टरेक्ट क्लबद्वारा क्लबको कार्यालय स्थापित

**गान्तोक।**
रोटरी क्लब गान्तोक साउथको समर्थनमा सर टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालय (टीएनएसएसएस)-को इन्टरेक्ट क्लबद्वारा क्लबको कार्यालय स्थापित गरियो। नव स्थापित कार्यालयका लागि अनमोल लिम्बूलाई सभापति साथै पुष्कर तामाङलाई महासचिव चयन गरियो।
कार्यक्रममा प्रकाश सुन्दास मुख्य अतिथि रहनुभएको थियो भने जिल्ला इन्टरेक्ट सहसभापति रहनुभएको थियो। प्रकाश सुन्दासले गरेको कार्यालय स्थापना सञ्चालन कार्यक्रममा नयाँ कार्यकारी सदस्यहरूलाई खदा लगाएर स्वागत जनाइयो।

# राज्य स्तरीय लोक नृत्य र रोलप्ले प्रतियोगिता पालन

**गान्तोक।**
मोडर्न वरिष्ठ माध्यमिक विद्यालयमा २१ सितम्बरका दिन राज्य स्तरीय लोक नृत्य अनि रोलप्ले प्रतियोगिता पालन गरियो।
राज्य शैक्षिक अनुसन्धान अनि प्रशिक्षण परिषद (एससीईआरटी)-को जनसंख्या प्रकोष्ठले राष्ट्रिय शैक्षिक अनुसन्धान एवम् प्रशिक्षण परिषद् (एनसीईआरटी), नयाँ दिल्लीको राष्ट्रिय जनसंख्या शिक्षा परियोजनाअन्तर्गत आयोजित कार्यक्रममा सिक्किम राज्य विश्वविद्यालयका उपकुलपति जीके निरौला मुख्य अतिथि रहनुभएको थियो।
कार्यक्रमको मुख्य उद्देश्य आफ्नै परम्परालाई माध्यमको रूपमा प्रयोग गरेर जनसंख्या शिक्षा अनि किशोर प्रजनन् र यौन स्वास्थ्यसित सम्बन्धित विभिन्न मुद्दालाई प्रभावकारी बनाउनु रहेको थियो। जीवन कौशल विकासका लागि प्रायोगिक ज्ञानको अवसर उपलब्ध गर्नु पनि कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो।
यस अवसरमा राखिएको लोक नृत्य प्रतियोगितामा पासिङदङ वरिष्ठ माध्यमिक विद्यालय प्रथम, वृहस्पति परसाइ वरिष्ठ माध्यमिक विद्यालय दोस्रो अनि फेन्सोङ माध्यमिक विद्यालय तेस्रो बने। यसैगरी रोलप्लेमा गेजिङ कन्या वरिष्ठ माध्यमिक विद्यालय प्रथम, दामथाङ माध्यमिक विद्यालय दोस्रो अनि मिडल गेजिङ माध्यमिक विद्यालय तेस्रो बने।

# एचआइभी, एड्समाथि सचेतनामूलक कार्यक्रम सम्पन्न

**गान्तोक।**
एनएचपीसी लिमिटेडको शाखा टिस्टा-५ जलविद्युत स्टेशनद्वारा एचआइभी अनि एड्समाथि सचेतनामूलक कार्यक्रम आयोजन गरियो। पालुटारस्थित परियोजनाको मुख्यालयमा २१ सितम्बरका दिन सम्पन्न कार्यक्रमको आयोजना सिक्किम राज्य एड्स नियन्त्रण समाज (एसएसएसीएस)-सितको तत्वावधानमा गरिएको हो।
एसएसएसीएस-का अतिरिक्त निर्देशकद्वय पासङ तामाङ अनि केपी शर्माको यस अवसरमा विशेष उपस्थिति रहेको थियो।
कार्यक्रमको अवसरमा उपस्थित मानिसहरूलाई एचआइभी अनि एड्सका मुद्दा तथा यसको रोकथामबारे जानकारी गराइयो।
मोबाइल एचआइभी परिक्षण भ्यानको सहयोगमा ६५ मानिसहरूको एचआइभी परिक्षण गरियो।
परियोजनाका अधिकारी एवम् कर्मचारी, उहाँहरूका परिवार लगायत स्थानीय मानिसहरूको कार्यक्रममा भारी उपस्थिति रहेको थियो।
परियोजनाका मुख्य अभियन्ता प्रभारी सहदेव खटुवाले जानकारीमूलक कार्यक्रममा उपस्थित सबैप्रति कृतज्ञता व्यक्त गर्नुभयो। परियोजनाका मुख्य चिकित्सा अधिकारी लगायत वरिष्ठ अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

# पाकिम हवाइअड्डाबाट ४ अक्टोबरदेखि उडान शुरू हुने

**पाकिम।**
केन्द्रिय योजना उडानअन्तर्गत पाकिम हवाइअड्डाबाट उड्ने अनुमति पाएको एकमात्र एयरलाइन्स स्पाइसजेटले १९ सितम्बरका दिन यहाँ आफ्नो जाँच क्याबीन जडान गरेको छ। ८ अक्टोबरदेखि आफ्नो बाणीजिक उडान शुरू गर्ने भएको एयरलाइन्सले यस मितिलाई अघि सार्दै ४ अक्टोबर बनाएको छ। कलकताबाट पाकिमको उडान अब ४ अक्टोबरदेखि नै शुरू हुनेछ। कलकताबाट पाकिम आउने प्रतियात्रीको शुल्क रू. २६८० प्रतिव्यक्ति रहेको छ।

## सिक्किम विधानसभाको दुई दिवसीय......

स्वास्थ्य हेरचाह, मानव सेवा एवं परिवार कल्याण विभागका मन्त्री एके घतानीद्वारा सिक्किम एन्टी ड्रग्स संशोधन विधेयक पेश गर्नुभयो। यस प्रस्तावित ऐनमा मनोविकारी तथा मनोवैज्ञानिक जाँचबाट कार्य गर्न उपधाराहरुमा कतिपय संशोधनको आवश्यक्तालाई ध्यानमा राखिएको छ। सदनमा मन्त्री छिरिङ वाङदी लेप्चाले सिक्किम वाइल्डलाइफ प्रोटेक्शन संशोधन विधेयक पेश गर्नुभयो।
यसरी नै सदनका नेता तथा मुख्यमन्त्री पवन चामलिङले सदनमा सिक्किम रेगुलेशन अफ् ट्रान्सफर अफ ल्याण्ड संशोधन विधेयक पेश गर्नुभयो। सिक्किम जमीन हस्तान्तरण नियन्त्रण संशोधन विधेयकमा सिक्किम रेगुलेशन अफ् ट्रान्सफर अफ् ल्याण्ड एक्ट, २००५ को संशोधनमा तीव्रता अप्नाइनुपर्ने कुरालाई पनि ध्यानमा राखिएको छ। यसरी नै सदनका नेता तथा मुख्यमन्त्रीले सिक्किम गुड्स एण्ड सर्विसेस ट्याक्स संशोधन विधेयक पनि पेश गर्नुभयो। सिक्किम सामग्री अनि सेवा कर अन्तर्गत कतिपय प्रावधानहरुमा संशोधन गरिनुपर्ने कुरालाई ध्यानमा राखिएको छ। संशोधनपछि उक्त विधेयक प्रभावकारी हुने अनि कर तिर्नेहरुको सुविधालाई पनि ध्यानमा राखिएको छ। उक्त ऐनमा भएका प्रावधानहरुलाई सही ढङ्गमा निष्पादन गरिनुपर्ने लक्ष्य तय छ। यसरी नै मन्त्री आर.बी.सुब्बाले सिक्किम लोकायुक्त संशोधन विधेयक सदनमा पेश गर्नुभयो। उक्त विधेयकको खण्ड ९ र १८ लाई २७ फरवरी २०१४ देखि प्रभावकारी रुपमा लागू गरिएको अनि यसै खण्डको उपखण्ड ३७ प ४५ लाई पनि प्रभावकारी ढंगमा लागू गरिनुपर्ने कुरालाई ध्यानमा राखिएको छ। लोकायुक्तलाई प्रभावकारी र सुचारू रुपमा लागू गर्न सो प्रस्तावित विधेयक सदनमा पेश गरिएको छ। यसरी नै देशका भूतपूर्व प्रधानमन्त्री स्वर्गीय अटल बिहारी बाजपायी, तलिमनाडुका भूतपूर्व मुख्यमन्त्री स्वर्गीय एम.करुणानिधि, भूतपूर्व लोकसभा अध्यक्ष सोमनाथ च्याटर्जी र सिक्किमका भूतपूर्व राज्यसभा सांसद स्वर्गीय कर्मा तोप्देनको निधनमा शोक व्यक्त गरियो। विधानसभा अध्यक्ष केएन राईले चारैजना व्यक्तित्वहरुको जीवनमाथि प्रकाश पार्नुहुँदै शोक प्रस्ताव पेश गर्नका साथै श्रद्धाञ्जली अर्पण गर्नुभयो। यसरी नै मुख्यमन्त्री चारै महान नेताहरुको योगदानहरुलाई स्मरण गर्नुहुँदै श्रद्धाञ्जली अर्पण गर्नुभयो। सदनको दोस्रो दिनको अधिवेशनमा पहिलो दिन सदनमा पेश गरेका विधेयकहरुमाथि चर्चा परिचर्चा पश्चात सर्वसम्मतिले पारित गरियो।

# आयुष्मान भारत-प्रधानमन्त्री जन आरोग्य योजना र मुख्यमन्त्री जीवन रक्षा कोषको शुरूवात




**गान्तोक।**
प्रधानमन्त्री नरेन्द्र मोदीले २३ सितम्बरका दिन आयुषमान भारत-प्रधानमन्त्री जन आरोग्य योजना (पीएम-जेएवाई)-को शुरूवात झारखण्ड राज्यको राँचीबाट गर्नुभयो। यस योजनाको शुरूवात देशका केही राज्यमा पनि प्रत्यक्ष प्रशारणको माध्यमबाट एकै समयमा गरिएको हो। यता सिक्किममा यस योजनालाई मुख्यमन्त्री जीवन रक्षा कोषमा मिलाएर शुरू गरियो।

मुख्यमन्त्री पवन चामलिङले राज्यबाहिरका विभिन्न ठाउँमा अभ्यास गरिरहेका सिक्किमका चिकित्सकहरूलाई घर फर्किने आह्वान गर्नुभएको छ। मुख्यमन्त्रीले राज्यबाहिर अभ्यास गरिरहेका चिकित्सकहरूलाई गान्तोकमा निर्माणधीन एक हजार पलङयुक्त बहुविशेषतायुक्त अस्पतालमा नियुक्त गर्ने पनि बताउनुभएको छ।

२३ सितम्बरको दिन सिक्किमका राज्यपाल गंगा प्रसादको मुख्य आतिथ्यमा गान्तोकको चिन्तन भवनमा आयोजित आयुष्मान भारत प्रधानमन्त्री जन आरोग्य योजना र मुख्यमन्त्री जीवन रक्षा कोषको शुरूवात भएको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्रीले यो कुरा भन्नुभएको हो। उहाँले राज्यबाहिर अभ्यास गरिरहेका चिकित्सकहरूलाई नियुक्त गर्न सरकारले रोस्टर सिस्टममा समेत छुट प्रदान गर्ने घोषणा गर्नुभएको छ।

उहाँले भवन निर्माण गरेर मात्र नसकिने कुरा बताउनुहुँदै यसका निम्ति चिकित्सक र सहयोगी कर्मचारीहरूको इमान्दारिता पनि महत्त्वपूर्ण रहने कुरा बताउनुभयो। उहाँले राज्यलाई स्वास्थ्यको क्षेत्रमा अघि बढान स्वास्थ्य व्यवसायीहरूलाई रचनात्मक अवधारणा दिन आग्रह गर्नुभयो। चिकित्सकहरूलाई टीबी, एसटीडी, एमडीआर लगायत अन्य रोगहरूबारे धेरै जागरूकता फैलाउन पनि उहाँले आह्वान गर्नुभएको छ। यसैगरी मुखयमन्त्रीले रासायनिक उर्वरक,कीटनाशकजस्ता हानिकारक वस्तुहरूको प्रयोगले पुग्ने हानिबारे मानिसहरूमा जागरूकता फैलाउन र उनीहरूलाई जैविक जीवनशैली अपनाउन प्रेरित गर्न आह्वान गर्नुपर्छ भन्नुभयो।

मुख्यमन्त्रीले राज्य सरकारद्वारा शुरू गरिएका विभिन्न स्वास्थ्य सेवा र सुविधा उचित तथा सही मानिससम्म पुग्नुपर्छ भनी बताउनुभयो। उहाँले आयुष्मान भारत प्रधानमन्त्री जन आरोग्य योजना र मुख्यमन्त्री जीवन रक्षा कोषले गरीबी रेखा मुनि (बीपीएल)-का लाभार्थीहरूलाई धेरै लाभ पुग्ने बताउनुभयो।

कार्यक्रममा मुख्य अतिथिका रूपमा उपस्थित राज्यपाल गङ्गा प्रसादले आफ्नो सम्बोधनमा सिक्किममा शुरू भएका दुईवटा स्वास्थ्य योजना जन कल्याणकारी रहेको र यसरी स्वास्थ्य सेवामा महत्वपूर्ण योजना चलाउने राज्य सिक्किम देशकै निम्ति उदाहरणीय रहेको बताउनुभयो।

उहाँले यस योजनाका निम्ति जनतालाई हार्दिक बधाई दिनुहुँदै यसको लाभ उठाउने आह्वान गर्नुभयो। कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा सार्वजनिक गरिएको योजना भिडियो प्रदर्शनमार्फत देखाइएको थियो। यस अवसरमा लोकसभा सांसद पीडी राई,स्वास्थ्य विभागका मन्त्री एके घतानीसमेत विभिन्न विभागीय मन्त्री र विभागीय अधिकारीहरूको उपस्थिति रहेको थियो।

# विद्यार्थीहरूले साहसिक गतिविधिबाट अध्ययन गर्ने अवसरलाई बुझ्नुपर्छः भोटिया



**पाकिम।**
तिन खरके-पारखामा २२ सितम्बरका दिन साहसिक एकता शिविर पालन गरियो। सिक्किम पर्यटन अनि नागरिक उड्डयन विभागले नाथाङ-मामछोङ पर्या पर्यटन विकास सहकारिता समाजसितको संयुक्त तत्वावधानमा आयोजित कार्यक्रममा बाणीज्य एवम् उद्योग विभागका अध्यक्ष छोपेल जाञ्पो भोटिया मुख्य अतिथि रहनुभएको थियो।

कार्यक्रममा बोल्नुहुँदै मुख्य अतिथि भोटियाले साहसिक शिविर आयोजन गर्नका लागि यस स्थानलाई चयन गरेकोमा आयोजक समितिप्रति कृतज्ञता व्यक्त गर्नुभयो अनि उपस्थित विद्यार्थीहरूसित साहसिक गतिविधिबाट अध्ययन गर्ने अवसरलाई बुझ्न आग्रह गर्नुभयो। स्थानीयवासीसित यस स्थानमा पर्यटनको क्षेत्रमा विकास गर्नका लागि आफ्नो पक्षबाट पहल गर्नका साथै सहयोग पुऱ्याउन आग्रह गर्नुहुँदै उहाँले यसबाट लामो समयसम्म लाभ पुग्नेछ भनी बताउनुभयो।

महासचिव नारायण प्रधानले वर्ष २०१८-लाई भारत सरकारको पर्यटन मन्त्रालयले भारतीय साहसिक वर्षको रूपमा घोषणा गरेको बताउनुहुँदै साहसिक पर्यटनको क्षेत्रमा स्थानीयवासी तथा विद्यार्थीवर्गलाई प्रोत्साहित गराउने उद्देश्य लिएर शिविरको आयोजना गरेको जानकारी गराउनुभयो।

उहाँले अघि बताउनुभएअनुसार सिक्किम नागरिक उड्डयन विभागले पनि राज्य भरी नै साहसिक पर्यटन शिविरको आयोजना गरिरहेछ।

रक क्लाइम्बिङ, ट्रालिङ, कमाण्डो ब्रिज आदि जस्ता विभिन्न प्रकारका साहसिक गतिविधिहरूको आयोजन गरिएको कार्यक्रममा विद्यार्थीहरूले उत्साहका साथ भाग लिएका थिए।

कार्यक्रममा विभागका संयुक्त निर्देशक एमके प्रधान, उपनिर्देशक टाशी गेले, पर्यटन अधिकारी मनोज छेत्री, पर्वतारोही कुञ्जाङ ग्याछो भोटिया लगायत अन्यको उपस्थिति थियो।

# स्वास्थ्य मन्त्रीद्वारा पीएचसी-को भ्रमण



**मङ्गलबारे।**
स्वास्थ्य हेरचाह, मानव सेवा एवम् परिवार कल्याण तथा सूचना एवम् जन सम्पर्क विभाग मन्त्री अर्जुन कुमार घतानीले १६ सितम्बरका साँझ मङ्गलबारे प्राथमिक स्वास्थ्य केन्द्रको निरीक्षण गर्नुभयो। उहाँले प्राथमिक स्वास्थ्य केन्द्रका प्रत्येक वार्डको भ्रमण गर्नुहुँदै आफ्नो कार्यमा मानव शक्तिको उपलब्धता अनि रात्रीको समयमा काम गर्ने कर्मचारीहरूको निम्ति रहेको सुविधाको जायजा लिनुभयो।

मन्त्रीले यस अवसरमा स्वास्थ्य केन्द्रमा रहेका रोगी लगायत चिकित्सा अधिकारी एवम् कर्मचारीहरूसित अन्तरक्रिया गर्नुभयो।

# ग्रामीण ईलाकाका मानिसहरूलाई प्रशासनिक सेवा उपलब्ध गर्न गाउँस्तरमा मोबाइल कार्यालय स्थापित गर्ने पहल शुरू

**गेजिङ।**
योकसमका महकुमा अधिकारी डा. सोनाम रिञ्छेन लेप्चा लगायत अधिकारीगणको टोलीले प्रशासनलाई सर्वसाधारणको घर-दैलोसम्म पुऱ्याउने उद्देश्यका साथ महकुमाका ग्रामीण स्थानहरूमा मोबाइल कार्यालय शुरू गर्ने पहल शुरू गरेको छ। यस पहलको एक भागको रूपमा महकुमा अधिकारी डा. लेप्चाको नेतृत्वमा रहेको अधिकारीगणको टोलीद्वारा पश्चिम जिल्लाको दुर्गम स्थान कर्जी-माङनाम ग्राम पञ्चायत एकाइ (जीपीयू)-को भ्रमण गर्दै तीन दिनका निम्ति आफ्नो कार्यालय स्थापित गरियो। तीन दिनका लागि स्थापित कार्यालयबाट आम नागरिकहरूको घर-दैलोमै पुगेर हुनसक्ने सहयोग प्रदान गरियो।

यस समय आधार कार्डमा यहाँका मानिसहरूको नाम दर्ता गर्नका लागि डीईएसएमई-को टोलीलाई पनि लगिएको थियो। यस जीपीयू-मा मात्र मोबाइल कार्यालयको अवसरमा दुई सय भन्दा अधिक प्रमाणपत्र जारी गरियो। अप्पर माङनामदेखि लोअर माङनामसम्म सडक निर्माण गर्न भनी लामो समयदेखि राखिएको मागलाई पनि यस अवसरमा उठान गरियो।

अधिकारीहरूद्वारा यस स्थानका विद्यालय तथा एकीकृत बाल विकास सेवा (आइसीडीएस) केन्द्रको भ्रमण गर्दै विभिन्न कुराको जानकारी लिइयो। भ्रमणअवधी महकुमा अधिकारीसित राजस्व अधिकारी सीके शर्मा, राजस्व निरीक्षक बिमल गुरूङ लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो।

महकुमा अधिकारी डा. लेप्चाले लगातार परेको पानीका कारण प्रभावित भएका पीडितहरूलाई तार्पोलिन, पोलिपाइप जस्ता आवश्यक सामग्री प्रदान गर्नुभयो। यस पहलको निम्ति पञ्चायत साथै गाउँवासीले महकुमाम अधिकारी लगायत अधिकारीगणप्रति कृतज्ञता व्यक्त गरेका छन्।

यस प्रक्रियाले सरकारको शासन विकेन्द्रिकरण नीतिको विस्तारमा थप टेवा पुगेको छ। तृणमूल स्तरमा प्रशासनिक सेवालाई प्रभावकारी ढङ्गमा कार्यान्वयन गर्ने दिशामा यो पहल उदाहरणीय बनेको छ। यो राज्यका अन्य भागका निम्ति पनि अनुकरणीय बनेको छ।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
*S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 25.09.2018*